# घर बहालमा लिने सम्बन्धि सूचना

शुक्लागण्डकि नगरपालिका वार्ड नं ४, दुलेगौडा तनहुँ स्थित गणपति **लघुवित्त वित्तीय संस्था लिमिटेड**को केन्द्रीय कार्यालय संचालनको लागि यसै **वार्ड नं ४ क्षेत्र** भित्र घरको आवश्यकता परेकोले तपसिल बमोजिमको शर्तहरु पुरा हुने गरी इच्छुक घरधनिहरुले प्रस्तावित घरको क्षेत्रफल तथा मासिक बहाल रकम (कर समेत) उल्लेख गरी र देहायका अन्य विवरणहरु स्पष्ट खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तल उल्लेखित ठेगानामा आफ्नो शिलबन्दी प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**बहालको लागि आवश्यक शर्तहरु**

क) प्रस्तावित भवन कम्तिमा २५०० देखी ३५०० वर्ग फिट क्षेत्रफल भएको हुनु पर्ने ।

ख) प्रस्तावित भवन कम्तिमा १० बर्षको लागि भाडामा दिनु पर्ने ।

ग) जेनेरेटर वा सोलार सिस्टम राख्नको लागि व्यवस्था भएको हुनु पर्ने ।

घ) प्रस्तावित भवन पिल्लर सिस्टमवाट निर्माण भएको हुनु पर्नेछ साथै भुकम्प प्रतिरोधात्मक प्रविधिवाट निर्माण भएको भवनलाई प्राथमिकता दिईने छ ।

ङ) प्रस्तावित भवनमा कुनै पनि स्वामित्व सम्बन्धि विवाद नभएको हुनु पर्ने ।

च) कुनै पनि प्रस्ताव स्विकार वा अस्विकार गर्ने अधिकार वित्तीय संस्थामा निहित रहनेछ ।

**शिलबन्दी प्रस्तावमा खुलाउनु पर्ने विवरण र कागजातहरु**

क) घरधनीको निवेदन, सम्पर्क व्यक्तिको नाम, ठेगाना र सम्पर्क नम्वर

ख) भाडामा दिने प्रस्तावित भवनको फोटो सहितको ठाउँको नक्सा

ग) स्विकृत भवनको नक्साको प्रतिलिपि तथा निर्माण सम्पन्न प्रमाणपत्रको प्रतिलिपि

घ) जग्गाधनि प्रमाणपूर्जाको प्रतिलिपि

ङ) घरधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

च) पछिल्लो आर्थिक वर्षको घरजग्गाको कर तिरेको प्रमाणपत्रको प्रतिलिपि ।

**शिलबन्दी प्रस्ताब दर्ता गर्ने स्थान**

गणपति लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, शुक्लागण्डकि न.पा. वार्ड नं ४, दुलेगौडा तनहुँ ।
कार्य संचालन विभाग
फोन नं ०६५- ४१४२४७, ४१४२९७